घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्या:

आज मिति २०७७ साल असोज २५ गतेका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | यम |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमालीमाया वि.क. | सदस्य | |
| १२ | श्री गंगामाया वि.क. | सदस्य | गगा |
| १३ | श्री सुन माया थिङ | सदस्य | सुन |
| १४ | श्री राम कुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपेश न्यौपाने | इन्जिनियर | |
| २ | श्री गिरीराज खनाल | अधिकृत छैटौं | |
| ३ | श्री भरतजंग थापा | सहायकस्तर पाँचौं | |
| ४ | श्री सुदिप थापा | सू. तथा प्र. सहायक | |

## घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक
### मिति २०७७ साल आश्विन २६ गते सोमबार
### बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. संघीय सरकार तर्फको सशर्त बजेटमा विनियोजन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहबाट संचालन हुने रोजगारमूलक आयोजनाहरु कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन र व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ मा उल्लेखित क्षेत्र भित्र परेको, आयोजनाको तर्जुमा र प्रस्ताव उक्त कार्यविधिको दफा ६ र ७ बमोजिम हुनु पर्ने भएकोले सो कार्यक्रम तर्जुमा तथा बार्षिक कार्यक्रममा समावेश गर्ने सम्वन्धमा ।

२. प्रदेश सरकारबाट विनियोजन भएको सशर्त तर्फको स्थानीय तहको समन्वयमा खरको छाना मुक्त गर्ने कार्यक्रम संचालन सम्वन्धमा ।

३. चालु आ.व. २०७७।०७८ मा यस गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार संचालन हुने १ करोड भन्दा माथिका योजनाको ड्रईङ, डिजाईन, स्टिमेट गरी कार्यान्वयनको लागि सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

४. एम्बुलेन्स संचालन गर्ने सम्वन्धमा ।

५. वार्षिक खरिद योजना तयार गरी चालु आ.व.का सबै योजना तथा कार्यक्रम संचालन सम्वन्धमा ।

६. प्राथमिकता प्राप्त आयोजनाहरुको लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा उपलब्ध गराउने सम्वन्धमा ।

७. मर्मत सम्भारको बजेटबाट खर्च गर्ने सम्वन्धमा ।

८. स्थानीय दररेट निर्धारण समितिबाट स्वीकृत भई आएको दररेट अनुमोदन गर्ने सम्वन्धमा ।

९. जोखिम भत्ता उपलब्ध गराउने सम्वन्धमा ।

१०. कोभिड अस्थायी अस्पताल संचालन सम्वन्धमा ।

११. भवन निर्माणको रकम भुक्तानी गर्ने सम्वन्धमा ।

१२. योजना संचालनको लागि उपभोक्ताहरुले राख्नु पर्ने लागत सहभागिताको रकम सम्वन्धमा ।

१३. गाउँस्तरीय शिक्षा समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

१४. सामुदायिक मेलमिलापकर्ताहरुको पारिश्रमिक सम्वन्धमा ।

१५. बेरुजु सम्परीक्षण समिति गठन गर्ने सम्वन्धमा ।

१६. रोजगार संयोजक पदपूर्तिको लागि संयोजक र विज्ञ तोक्ने सम्वन्धमा ।

१७. विपद् व्यवस्थापनको पूर्व तयारीको लागि आवश्यक सामाग्री खरिद गर्ने सम्वन्धमा ।

१८. विपद्को लागि खरिद भएका मालसामान वितरण अनुमोदन गर्ने सम्वन्धमा ।

१९. घ्याङलेखको जागरण गीत र गाउँपालिकाको लोगो छनौट सम्वन्धमा ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

## वैठकका निर्णयहरु :

१. संघीय सरकार तर्फको सशर्त बजेटमा विनियोजन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहबाट संचालन हुने रोजगारमूलक आयोजनाहरु कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन र व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ मा उल्लेखित क्षेत्र भित्र परेको, आयोजनाको तर्जुमा र प्रस्ताव उक्त कार्यविधिको दफा ६ र ७ बमोजिम हुनु पर्ने भएकोले ५ वटै वडाहरुले बढिमा १०।१० लाखको योजना छनौट गरी ७ दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

२. प्रदेश सरकारबाट विनियोजन भएको सशर्त अनुदान तर्फको स्थानीय तहको समन्वयमा खरको छाना मुक्त गर्ने कार्यक्रम संचालनको लागि "***खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम संचालन मापदण्ड, २०७७***" अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. चालु आ.व. २०७७।०७८ मा यस गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार संचालन हुने १ करोड भन्दा माथिका योजनाहरुको वडा कार्यालयहरुको समन्वयमा पूर्वाधार शाखाबाट विस्तृत योजना प्रतिवेदन (DPR) मा उल्लेख भए अनुसारको बजेटको परिधि भित्र रही ड्रईङ, डिजाईन, स्टिमेट तयार गरी २०७७ साल कार्तिक मसान्त भित्र ठेक्काबाट योजना कार्यान्वयनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

४. आ.व. २०७७।०७८ को गाउँसभाबाट एम्बुलेन्स खरिद गर्न स्वीकृत बजेटको परिधिमा रही खरिद प्रक्रियाका लागि स्वास्थ्य कार्यालय, सिन्धुलीबाट सिफारिश समेत भई सकेकोले उक्त एम्बुलेन्स गाउँपालिकाको स्वामित्वमा रहने गरी सचालन एवं व्यवस्थापन गर्ने जिम्मेवारी वडा नं. २ मा रहेको स्वास्थ्य चौकी बस्तीपुरलार्य दिने निर्णय गरियो । साथै एम्बुलेन्स सेवा संचालन एवं व्यवस्थापनका लागि तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| क. वडा अध्यक्ष, २ नं. वडा | सयोजक |
| ख. सम्वन्धित वडा सचिव | सदस्य |
| ग. सम्वन्धित स्वास्थ्य चौकी प्रमुख | सदस्य सचिव |

५. चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजना तथा कार्यक्रमहरु संचालन गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालका सबै शाखा र वडा कार्यालयहरुले सार्वजनिक खरिद ऐन, नियम अनुसार वार्षिक खरिद योजना तयार गरी यथार्शीघ्र चौमासिक अनुसार योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

६. ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२(१) र (२) बमोजिम ठूला, रुपान्तकारी, राष्ट्रिय गौरबका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारीहरुबाट संचालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवाको वातावरणीय अध्ययनको पालना हुने गरी सम्वन्धित गाउँपालिकाले नियमानुसार शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिशमा तोकिएको स्थानबाट निर्माण सामाग्री संकलनको व्यवस्था मिलाउनु पर्ने छ र सम्वन्धित आयोजना कार्यालयको आवश्यक पर्ने व्यहोराको सिफारिस, सम्वन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना संचालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा सम्वन्धित गाउँपालिकाले शुल्क वा दस्तुर लिई त्यस्तो नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्नेछ भनी उल्लेख भएकोले निर्माण सामाग्री माटो, ढुंगा, गिट्टी, बालुवा माग भई आएमा प्रदेश सरकार, प्रदेश आर्थिक ऐन, २०७७ को अनुसूची ५ मा उल्लेख भए अनुसार बातावरणीय अध्ययनको पालना हुने प्राथमिकता प्राप्त आयोजनाहरुको लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा उपलब्ध गराउने निर्णय गरियो ।

७. चालु आ.व. २०७७।०७८ मा मर्मत सम्भार शिर्षकमा विनियोजन भएको बजेटबाट अध्यक्ष ज्यूको तोक आदेश अनुसार योजना तथा बजेट रकम स्वीकृत गराई कार्यक्रम तथा योजना संचालन गर्ने निर्णय गरियो ।

८. स्थानीय दररेट निर्धारण समितिबाट स्वीकृत भई आएको दररेट अनुमोदन गर्ने निर्णय गरियो ।

९. गत आ.व.मा कोभिड १९ को रोकथाम तथा नियन्त्रणमा खटिने गाउँपालिकाका कर्मचारी तथा स्वास्थ्य चौकी र स्वास्थ्य ईकाइका कर्मचारीहरुलाई तलब स्केलको ५० प्रतिशतले हुने रकम जोखिम भत्ता उपलब्ध गराईएकोमा सो कार्यमा खटिने हलुका सवारी चालकलाई भत्ता उपलब्ध गराउन छुट भएकोले हलुका सवारी चालक २ जना र कार्यालय सहयोगी ४ जना लाई भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५१ मिति २०७७।५।२३ को प्राप्त पत्रानुसार अस्पताल नभएका ६४९ स्थानीय तहहरुमा १ स्थानीय तहमा कम्तीमा ५ वेडको अस्पताल संचालनका लागि आवश्यक वेड लगायत उपकरण तथा जनशक्ति व्यवस्थापनका लागि बजेट प्राप्त भई सकेको हुदाँ प्रचलित कानून तथा स्वीकृत मापदण्डको परिधिमा रही तोकिएका उपकरण खरिद गर्ने र तोकिए बमोजिम जनशक्तिको पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

३

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

११. गाउँपालिकाको आ.व.२०७५।०७६ को गाउँसभाबाट स्वीकृत बजेटको परिधिमा रही गाउँ कार्यपालिकाको कार्यालय संचालन गर्न ट्रस भवन निर्माण गर्ने निर्णय अनुसार भवनको लगत स्टीमेट गरी ठेक्काबाट कार्य संचालन गराउन सूचना समेत प्रकाशन गरी निर्माण कार्य सम्पन्न भई सकेको हुदा उक्त भवनको प्राविधिकबाट नापजाँच गराई अन्तिम वील भुक्तानीका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने साथै यथाशीघ्र गाउँपालिकालाई ठेकेदार मार्फत भवन हस्तान्तरण गराउने निर्णय गरियो ।

१२. विगत आ.व.हरुमा गाउँसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गर्दा जन सहभागित वापत कूल लगत स्टीमेटको १० प्रतिशत नगद लागत सहभागिता राख्न लगाई उपभोक्ताबाट योजना कार्यन्वयन गरिएकोमा अव उप्रान्त नगद लागत सहभागिताको सट्टा प्राविधिक लगत स्टीमेट अनुसार कम्तीमा १० प्रतिशत बरावरको काम गर्नु पर्ने गरी उपभोक्ता समितिबाट योजना संचालन गर्ने निर्णय गरियो ।

१३ गाउँ शिक्षा समितिको मिति २०७७ श्रावण १४ गते बसेको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१४. न्यायिक समितिको मिति २०७७ श्रावण २० गतेको निर्णय अनुसार न्यायिक समितिमा दर्ता भएको विवाद समाधान गर्न सामुदायिक मेलमिलापकर्ताहरुले सहजीकरण गरे वापत प्रति विवाद रु. १,०००।०० पारिश्रमिक दिन गाउँपालिकालाई अनुरोध गर्ने भनी निर्णय भएको हुदा निर्णय अनुसार विवाद समाधान गरे वापत नियमानुसार कर कट्टा गरी लेखी आए अनुसार प्रति विवाद रु. १,०००।०० दिने भनी निर्णय गरियो ।

१५. रजिष्टर्ड लेखापरीक्षक र महालेखा परीक्षकको कार्यालयबाट यस कार्यालयको साविक देखि हाल सम्म लेखापरीक्षण हुदा औल्याइएका बेरुजु सम्परीक्षण गर्नको लागि तपसिल अनुसारको बेरुजु सम्परीक्षण सिफारिश समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| | |
|---|---|
| क. पूर्वाधार शाखाका ईन्जिनियर | संयोजक |
| ख. प्रशासन शाखाका प्रमुख | सदस्य |
| ग. योजना शाखा प्रमुख | सदस्य |
| घ. आ.ले.प.शाखा प्रमुख | सदस्य सचिव |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७२

१६.रोजगार संयोजक पदको पदपूर्तिको लागि संयोजकमा जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीका जिल्ला समन्वय अधिकारी श्री डिक वहादुर कार्की र विज्ञमा जिल्ला प्रशासन कार्यालय, सिन्धुलीका प्रशासकीय अधिकृत श्री भिम वहादुर बस्नेतलाई तोक्ने निर्णय गरियो ।

१७. गाउँपालिका क्षेत्र भित्र आई पर्ने सम्भावित मानवीय तथा प्राकृतिक विपद्बाट हुन सक्ने क्षति रोकथामाका लागि पूर्व तयारी गर्न आवश्यक पर्ने सामाग्रीहरु विपद् व्यवस्थापन शिर्षकमा विनियोजन भएको बजेटबाट खरिद गर्ने निर्णय गरियो ।

१८. गत आ.व.मा विपद् व्यवस्थापनको लागि खरिद गरिएका जस्तापाता, पोलिथिन पाईप र तारजालीहरु अध्यक्षज्यूको तोक आदेश बमोजिम हाल सम्म वितरण भएका परिमाणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१९.घ्याङलेख गाउँपालिकाको जागरण गीत लेखन र गाउँपालिकाको लोगो डिजाईनको लागि प्रकाशित सूचना अनुसार सर्जकहरुबाट लेखन तथा डिजाईन भई आएका गीत/लोगोहरु विज्ञबाट मूल्यांकन गराउने र मूल्यांकनकर्तालाई उचित पारिश्रमिक उपलब्ध गराउने र छनौट भएका गीत/लोगोलाई उचित पुरस्कार उपलब्ध गराउने निर्णय गरियो । साथै छनौट भएको गीतलाई संगीतमय गाउने तथा भिडियो छायाङ्कन गर्ने र लोगो कार्यालय प्रयोजनको लागि लागु गर्ने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष